# प्रेस विज्ञप्ती

**नेपाली घर जग्गा भाडा तथा विक्रि गर्न सहयोग पु-याउने 1Ropani.com को शुभारम्भ**

काठमाण्डौ, असोज २४, २०६६

1Ropani.com ले विक्रि तथा भाडामा रहेका घर जग्गाको सूचना र विज्ञापन इन्टरनेट र मोबाईल फोनको माध्यमवाट दिने गर्दछ । यो संस्था सूचना प्रविधि, आर्किटेक्टस तथा वित्तीय क्षेत्रमा अनवरत रुपमा लागिपरेका व्यक्तिहरुद्धारा स्थापना गरिएको हो । घर जग्गाको सूचना तथा विज्ञापनलाई एउटा साझा थलोवाट ग्राहकहरुलाई प्रदान गर्नु यस संस्थाको मूख्य उद्देश्य रहेको छ ।

1Ropani.com ले नेपालमा रहका हरेक व्यक्ति तथा गैरआवासीय नेपालीहरुलाई आफ्नो आवश्यकता र चाहना अनुसार विक्रिमा रहेका घर जग्गाको विवरण प्राप्त गर्न साथ साथै घर जग्गा विक्रेताहरुलाई स्वदेश तथा विदेश स्थित खरिदकर्ता माझ आफ्नो पहुँच पु-याउन सहयोग गर्दछ ।

1Ropani.com ले अनलाइन घर जग्गा भाडा तथा विक्रिको विज्ञापन दिने प्रकृयाको शुभारम्भ गरेको केहि महिनामै बजारमा राम्रो छाप पार्न सफल भएको छ । 1Ropani.com ले नेपाली घर जग्गाको अनलाइन विज्ञापन गर्ने शैलीमा नौलो आयाम शुरु गरिसकेको छ । यो वेबसाइट घर जग्गा क्षेत्रमा लाग्नुहुने सम्पूर्ण व्यक्ति तथा संस्थाहरु जस्तै खरिदकर्ता, विक्रेता, एजेन्ट, विल्डर्स, डेभेलपर्स, लगानीकर्ताहरुको लागि सहयोगी रहेको छ ।

1Ropani.com मा निहित पृथक विशेषताहरुले घर जग्गा विक्रि तथा भाडामा दिने संस्थाहरुलाई सहयोग पु-याउने गरेको छ जसले गर्दा घर जग्गाको सूचना संसारभरिका व्यक्तिहरुले सजिलै पाउन सक्छन् ।

1Ropani.com मा राखिएको विज्ञापनमा घर जग्गाको विस्तृत विवरण जस्तै ठेगाना, मूल्य, फोटोहरु, नक्सा साथै सम्बन्धित व्यक्तिको सम्पर्क ठेगाना उल्लेख गरिएको हुन्छ । 1Ropani.com मार्फत खरिदकर्ताहरुले मूल्य, ठेगाना तथा विस्तृत विवरणको आधारमा घर जग्गा खोज्न सक्नेछन ।

1Ropani.com ले कुनै कमिशन नलिई न्यूनतम शुल्कमा घर जग्गाको विज्ञापन गर्ने गरेको छ । यद्यपि घर जग्गाको किनबेच अनलाईन  सम्भव छैन तरपनि 1Ropani.com ले खरिदकर्ता र विक्रेतालाई वेबसाइटको माध्यमवाट जोड्ने काम गर्दछ  ।

1Ropani.com घर जग्गा व्यवसायको श्रोत केन्द्रको रुपमा स्थापित भएको छ । यसले आफ्नो सेवा काठमाडौ उपत्यका भित्र रहेका घर जग्गा भाडा तथा विक्रिको विज्ञापन राखेर गरेको छ र आउँदा दिनहरुमा नेपालका अन्य प्रमुख शहरहरुमा रहेका घर जग्गाको विज्ञापन दिने योजना राखेको छ ।

विस्तृत जानकारीको लागि www.1ropani.com हेर्नुहोला ।